म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६५/०७०

वर्षः१५ अङ्कः- ३१३ २०८१ असोज २० गते आइतबार 6 October 2024, Sunday - पृष्ठ ४ मूल्य रु. ५/-

## ईन्द्रसरोवर र बकैया संकटग्रस्त क्षेत्र घोषित

हेटौँडाः मकवानपुरको ईन्द्रसरोवर र बकैया गाउँपालिका संकटग्रस्त क्षेत्र घोषणा गरिएको छ । असोज १० गतेदेखि १२ गतेसम्मको भारी वर्षापछि आएको बाढी, पहिरो र डुबानका कारण क्षति पुगेका ४२ वटा पालिकालाई संघीय सरकारले शुक्रबार संकटग्रस्त क्षेत्र घोषणा गरेको छ। राहत र पुनर्निर्माणलाई प्राथमिकता दिन सरकारले तीन महिनाका लागि संकटग्रस्त क्षेत्र घोषणा गरेको हो। बाढी पहिरोका कारण मकवानपुर जिल्लामा ७ जनाको ज्यान गएको थियो भने ५० भन्दा बढी घर पूर्णरुपमा क्षति भएको थियो। ईन्द्रसरोवर गाउँपालिकामा एन्फा एकेडेमीमा सहभागी ६ जना किशोर खेलाडीको पहिरोमा परी मृत्यु भएको थियो। बाढी पहिरोका कारण मकवानपुरको ईन्द्रसरोवर गाउँपालिका र बकैया गाउँपालिकाको सडक पूर्वाधारमा ठूलो क्षति पुगेको छ। ईन्द्रसरोवर गाउँपालिका र बकैया गाउँपालिकाको सडक पूर्वाधारमा क्षति पुगेकै कारण छोटो मार्ग हुँदै हेटौँडा-काठमाडौं आउजाउ पूर्णरुपमा बन्द भएको छ।

# हेटौँडा-फाखेल-काठमाडौं सडक आज दिउँसोबाट खोल्ने तयारी



कुलेखानी-फाखेल सडकखण्डमा खोलाले बगाएको सडक बनाउँदै ।

समाज संवाददाता

फाखेलः बाढी र पहिरोले बन्द हेटौँडा-फाखेल-काठमाडौं सडक आज आइतबारबाट संचालनमा ल्याउने तयारी भइरहेको छ । असोज ११ र १२ गतेको अविरल वर्षापछि आएको बाढी र पहिरोले विभिन्न स्थानमा क्षति पुऱ्याएपछि अवरुद्ध रहेको हेटौँडा-फाखेल-काठमाडौं सडक आइतबार दिउँसोबाट सञ्चालनमा ल्याउने गरी काम भइरहेको छ ।

३ स्थानमा डाइभर्सन गरेर सडक सञ्चालनमा ल्याउने तयारी भइरहेको प्रदेशका भौतिक पूर्वाधार विकास मन्त्री अमन कुमार मास्केले जानकारी दिनुभएको छ । उहाँका अनुसार सो सडकखण्ड अन्तर्गत कुलेखानी ड्याम नजिकैको पुल, महालक्ष्मी खोला पुल र महालक्ष्मी खोलाको कटान क्षेत्रमा डाइभर्सन निर्माण गरी सडक सञ्चालनमा ल्याउने तयारी गरिएको हो ।

बागमती प्रदेशको यातायात पूर्वाधार निर्देशनालयका निर्देशक पुष्करप्रसाद पोखरेलले फाखेल सडक खण्डमा भएका अवरोध पन्छाउने क्रम अन्तिम चरणमा रहेकाले आइतबारबाट सडक सञ्चालन आउने बताउनुभयो। "फाखेल सडक खण्ड आइतबार दिउँसो १ बजेबाट सञ्चालन गर्ने विषयमा छलफल भएको छ। हामीले तत्काल यातायात सञ्चालनका लागि आवश्यक पूर्वाधारहरु तयार पारेका छौं", निर्देशक पोखरेलले भन्नुभयो, "अब कुनै ठूलो समस्या नआए आईतबार दिउँसोबाट सवारी साधन निर्वाध सञ्चालन गर्न सकिन्छ ।" निर्देशक पोखरेलले कुलेखानी ड्याम तहको पुलको पहुँच मार्ग भत्किएको भन्दा केही तलबाट डाइभर्सन निर्माण गरेको जानकारी दिनुभयो ।

उहाँले शनिबार रातिसम्ममा डाइभर्सनको काम पूर्णरुपमा सकिने जानकारी दिनुभएको छ । महालक्ष्मी खोलाले बगाएको सडकको सबै ठाउँमा आवश्यकता अनुसार मर्मत र अप्ठ्यारो ठाउँहरुमा डाइभर्सन बनाएर बाटो क्लियर गरेको उहाँको भनाई छ । निर्देशक पोखरेलका अनुसार फाखेल सडक भएर शनिबार केहि मोटरसाइकलहरु सञ्चालनमा आएका छन् भने उक्त सडक खण्डमा फसेका सवारी साधनहरु समेत गन्तव्यतर्फ लागेका छन् ।

यता कुलेखानी सिस्नेरीतर्फको सडक सञ्चालनका लागि भने सोमबारसम्मै कुर्नुपर्ने उहाँको भनाई छ । उक्त सडक खण्डमा बाढीले सडक बगाएको ठाउँमा तत्काल बाटो निर्माण गर्न नसकिने भएपछि खोलाको बाटो भएर सवारी साधन सञ्चालनको व्यवस्था मिलाउने काम भइरहेको पोखरेलले जानकारी दिनुभयो ।

# ११ करोडको सुनसहित भारतीय नागरिक पक्राउ




सुनसहित पक्राउ परेका भारतीय नागरिकलाई पत्रकार सम्मेलन गरेर शनिबार बिहान सार्वजनिक गर्दै ।

समाज संवाददाता

हेटौँडाः ११ करोड बढीको सुनसहित २ जना भारतीय नागरिकलाई प्रहरीले हेटौँडाबाट पक्राउ गरेको छ। पूर्व-पश्चिम राजमार्गअन्तर्गत हेटौँडा-१५ रातोमाटेस्थित प्रहरी चौकीबाट ८ किलो ४३.९७ ग्राम सुन बरामद गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

प्रहरीका अनुसार सो सुनको बजार मुल्य ११ करोड ४३ लाख ५७ हजार रुपैयाँ हुन्छ । जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रमुख प्रहरी उपरीक्षक विश्वराज खड्काले पक्राउ पर्नेमा भारत महाराष्ट्रका २५ वर्षीय अभिषेक अजिनाथ कुटी र २७ वर्षीय राहुल भिट्टिहाल बाड रहेका छन् । प्रहरी उपरीक्षक खड्काका अनुसार शनिबार बिहान ३ बजेको समयमा विशेष सुचनाको आधारमा प्रहरी टोलीले रातोमाटे चेकपोष्टमा पथलैयाबाट हेटौँडातर्फ आउँदै गरेको बागमती प्रदेश ०२-०४७ प ७५०३ नम्बरको स्कुटरलाई रोकी सुरक्षाजाँच गर्ने क्रममा सुन बरामद भएको हो ।

बाड र कुटीले शरीरको विभिन्न भागमा लुकाएर सुन ल्याएको भेटिएको प्रहरी प्रमुख खड्काले जानकारी दिनुभयो । बिस्कुटको आकारको ८ थान सुन फेला पारेको छ । प्रहरी प्रमुख खड्काका अनुसार उनीहरूले जनकपुरबाट सुन लिएर पथलैयासम्म बस आएका थिए । पथलैयाबाट भने उनीहरु स्कुटरमा हेटौँडा तर्फ आउँदै थिए । उनीहरुले काठमाडौंको गौशालामा सुन बुझाउने गरी जाँदै गरेको प्रारम्भिक अनुसन्धानमा खुलेको प्रहरी प्रमुख खड्काको भनाई छ ।

बरामद भएको सुन र पक्राउ परेका कुटी र बाडलाई थप अनुसन्धान तथा कारवाहीका लागि राजश्व अनुसन्धान कार्यालय पथलैया पठाउने तयारी गरिएको प्रहरीले जनाएको छ । यसअघि प्रहरीले गत मंगलबार पनि चार सय ९० ग्राम ८८० मिलिग्राम सुनसहित एकजना भारतीय नागरिकलाई पक्राउ गरेको थियो । मकवानपुरको प्रहरी प्रमुख फेरिएसँगै लागुऔषध तस्कर र सुन तस्कर पक्राउ पर्न थालेको छ ।

# विपद् कोषमा मुख्यमन्त्री र मन्त्रीहरुको १५ दिनको तलब जम्मा गरिने

समाज संवाददाता

हेटौँडाः बागमती प्रदेश सरकारका मुख्यमन्त्री तथा मन्त्रीहरुले १५ दिनको तलब विपद् कोषमा जम्मा गर्ने भएका छन् । शनिबार बिहान प्रदेश राजधानी हेटौँडामा उपलब्ध मन्त्रीहरुको छलफलले विपद् प्रभावित नागरिकहरुका लागि १५ दिनको तलब प्रदेश विपद् कोषमा जम्मा गर्ने निर्णय गरेको हो ।

उक्त छलफलले विपद् प्रभावित नागरिकको उद्दार राहत तथा पुनःस्थापनाका लागि सो रकम खर्च गरिने प्रदेश सरकारका प्रवक्ता एवम् आन्तरिक मामिला तथा कानुन मन्त्री सुरजचन्द्र लामिछानेले जानकारी दिनुभएको छ। उहाँका अनुसार प्रदेश विपद् कोषमा १३ मन्त्रीको १५ दिनको तलब बापत ४ लाख २७ हजार रुपैयाँ जम्मा हुनेछ। जस अनुसार विपद् कोषमा मन्त्रीहरुले प्राप्त गर्दै आएको ६० हजार रुपैयाँको आधा रकम (३० हजार १६० रुपैयाँ) र मुख्यमन्त्रीले लिँदै आएको ७० हजार रुपैयाँको आधा रकम ३५ हजार रुपैयाँ जम्मा हुनेछ ।

उक्त छलफलले प्रदेशको क्षतिको एकिन विवरण तयार गरी उपलब्ध गराउन प्रदेश नीति तथा योजना आयोगलाई निर्देशन दिएको छ। आयोगले विषयगत मन्त्रालय र क्षेत्रका आधारमा क्षति विवरण संकलन गरी प्रतिवेदन बुझाउन छलफलले निर्देशन दिएको छ। बागमती प्रदेश सरकारले चणिकलाल तामाङलाई एक लाख ५० हजार रुपैयाँसहित सम्मान गर्ने भएको छ। प्रदेश सरकारको शनिबार बसेको मन्त्रिपरिषद् बैठकले तामाङलाई नगदसहित सम्मान गर्ने निर्णय गरेको हो ।

गत असोज १२ मा नख्खुखोलामा आएको बाढीमा पसेका २ जनाको जीवन रक्षा गरेको भन्दै उनलाई प्रदेश सरकारले सम्मान गर्ने निर्णय गरेको हो । बैठकले प्रदेश सरकारको कार्यविभाजन नियमावली अनुसार ३ वटा समितिहरु गठन गरेको छ । मुख्यमन्त्री बहादुर सिंह लामाको संयोजकत्वमा राजनीतिक समिति, आन्तरिक मालिला तथा कानुन मन्त्री सुरजचन्द्र लामिछानेको संयोजकत्वम प्रशासन तथा विधेयक समिति र कृषि तथा पशुपन्छी विकास मन्त्री प्रकाश श्रेष्ठको संयोजकत्वमा आर्थिक, सामाजिक तथा पूर्वाधार समिति गठन गरिएको छ। उक्त समितिहरुमा विभागीय मन्त्रीहरुलाई सदस्य राखिएको छ । बैठकले जलस्रोत तथा सिंचाई डिभिजन कार्यालयको शाखा विस्तार गर्ने निर्णय गरेको छ । बैठकले नुवाकोटमा कार्यालय स्थापना गर्ने र सो कार्यालयले नुवाकोट र रसुवा हेर्ने गरी कर्मचारी व्यवस्थापन गरिएको छ ।

# जिल्ला लिगको उपाधि पदमपोखरी युथ क्लबले जित्यो




उपाधिसाथ पदमपोखरी युथ क्लबको टिम ।

समाज संवाददाता

हेटौँडाः मकवानपुर जिल्ला फुटबल संघको आयाजनामा भएको मकवानपुर जिल्ला लिग फुटबल प्रतियोगिताको उपाधि पदमपोखरी युथ क्लबले जितेको छ । हेटौँडा-५ स्थित पिप्ले-क्याम्पा रंगशालामा शनिबार भएको फाइनल खेलमा बागमती गाउँपालिकाको सहिद स्मृति क्लबलाई ३-१ गोलअन्तरले हराउँदै हेटौँडाको पदमपोखरीले पहिलो पटक उपाधि जितेको हो ।

बागमतीको सहिद स्मृति लिगमा पहिलो पटक सहभागी भएको हो। फाइनल खेलको म्यान अफ त म्याच पदमपोखरीका विजेश तितुङ घोषित भए। प्रतियोगिताको उपाधि जितेसँगै पदमपोखरीले एक लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेको छ भने उपविजेता बनेको सहिद स्मृतिले ५० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेको छ ।

पदमपोखरीको जितमा दिवस गोलेले पहिलो हाफको २४ औं मिनेटमा एक गोल गर्दै टिमलाई अग्रता दिलाएका थिए। उप्रान्त आलेले पहिलो हाफकै ३९औं मिनेटमा सहिद स्मृतिको तर्फबाट गोल गर्दै खेललाई बराबरीमा ल्याएका थिए । पदमपोखरीका विजेश तितुङ्ले दोस्रो हाफको २१औं मिनेटमा गोल गर्दै टिमलाई पुनः अग्रता दिलाए। पदमपोखरीका अमीत स्याङ्तानले इन्जुरी समयमा थप १ गोल गर्दै पदमपोखरीको जितलाई निश्चित बनाए ।

प्रतियोगिताको सर्वोकृष्ट खेलाडी पदमपोखरीका रोजक थिङ, फर्वार्ड सहिद स्मृतिका उप्रान्त अले मगर, प्रशिक्षक पदमपोखरीका ज्ञानु मुक्तान, मिडफिल्डर पदमपोखरीका नवराज थिङ, गोलरक्षक पदमपोखरीकै रोजक थिङ र उत्कृष्ट डिफेन्डर अरूण आले मगर घोषित भए । उनीहरुले ट्रफि प्राप्त गरेका छन् ।

मकवानपुर जिल्ला फुटबल संघका अध्यक्ष टिकाराम लामाको सभाध्यक्षमा तथा बागमती प्रदेशकी निवर्तमान सामाजिक विकास मन्त्री तथा प्रदेश सभा सदस्य कुमारी मोक्तानको प्रमुख आतिथ्यमा जिल्ला लिगको समापन तथा पुरस्कार वितरण समारोह भएको थियो। पुरस्कार वितरण समारोहमा प्रदेश सभा सदस्य प्रेम बहादुर पुलामी, बागमती गाउँपालिकाका अध्यक्ष सर्केश घलानको पनि उपस्थिति रहेको थियो । २८ वटा टिमको सहभागिता रहेको लिग भदौ १४ गतेबाट सुरु भएको थियो ।

## सरकारलाई गाउँपालिका महासंघको आग्रह,

# 'बाढी र पहिरोबाट भएको क्षतिलाई बुझ'

समाज संवाददाता

हेटौँडाः गाउँपालिका राष्ट्रिय महासंघको बागमती प्रदेश समितिले असोज ११ र १२ गते अविरल वर्षासँगै आएको बाढी र पहिरोबाट भएको क्षतिबारे बुझ्न सरकारलाई अपील गरेको छ। शुक्रबार महासंघले एक अपील जारी गर्दै विपद्ले गरेको क्षतिपछि उद्दार, राहत, उपचार र पुनःस्थापनाका लागि तीनै तहका सरकारलाई अनुरोध गरेको छ ।

महासंघले विपद्मा परी मृत्यु हुनेप्रति श्रद्धाञ्जली व्यक्त गर्दै परिवारजनमा समवेदना र घाइतेहरुप्रति शिघ्र स्वास्थ्य लाभको कामना समेत गरेको छ। विपद्को क्षतिबाट स्थानीय सरकार पूर्णरुपमा प्रभावित भएकाले तीनै तहको सहकार्यमा उद्दार, उपचार, राहत एवम् पुनःस्थापनाको काम अघि बढाउन महासंघले आग्रह गरेको हो । महासंघले स्थानीय सरकारको क्षेत्रभित्र पर्ने राजमार्ग एवम् अन्य सडक क्षेत्रमा अलपत्र परेका यात्रुहरुको उद्दार एवम् खाना र बासका लागि सहजीकरण गर्नुका साथै आफ्नो स्रोतसाधनबाट गर्न सकिने सडक मर्मतको काममा तदारुकता देखाई आवतजावतको वातावरण तयार गर्न स्थानीय सरकारहरुलाई आग्रह गरेको छ ।

स्थानीय सरकारको क्षेत्रभित्र यस विपद्बाट भएको जनधन एवम् भौतिक संरचनाको क्षतिबारे यथाशिघ्र तथ्यांक संकलन गरी महासंघ एवम् तथ्यांक माग गरेका निकायहरुलाई चाँडोभन्दा चाँडो उपलव्ध गराउन, प्रभावित स्थानीय सरकारहरुलाई यथाशिघ्र राहत प्याकेजको घोषणा गरी तत्काल निकासा गर्न, विद्युत एवम् सञ्चार सेवा सुचारु गर्न, विपद्मा परी घाइते भएकाहरुको निःशुल्क उपचार, वर्षा अझै जारी रहेकोले घरविहिन हुन पुगेका परिवारलाई अस्थायी आवास, चाडवाडको समयमा अवरुद्ध राजमार्ग, सडक सुचारु गर्न समेत आग्रह गरेको छ ।

## सम्पादकीय

# चाडपर्व र सुरक्षा सतर्कता

चाडपर्व भन्नाले कुनै खास दिन तथा तिथिमा विभिन्न जातजाति तथा समुदायका मानिसहरुले विशेषरुपमा मान्ने र विभिन्न देवीदेवताको पूजा आरधना गरी मिठो खाई नाचगान गरी रमाइलो गर्ने दिन हो । हाम्रो देश नेपाल भौगोलिकमात्र होइन, जाति, भाषा, धर्म, संस्कृति, रितीरिवाज, भेषभूषामा विविधता छ । यही विविधताका कारण नेपालमा हरेक दिनजसो कुनै न कुनै चाडपर्व परिरहेका हुन्छन् । चाडपर्व पारिवारिक वा सामाजिक सम्बन्धलाई मजबुत पार्ने तथा नवीकरण गर्ने आधार हो । हामीले मनाउने अधिकांश चाडपर्वसँग धार्मिक मान्यताहरु जोडिएका छन् । चाडपर्वलाई मानव स्वास्थ्य र वातावरणका दृष्टिले पनि महत्वपूर्ण मानिन्छ । प्रकृति तथा यहाँ पाइने जीवजन्तुमैत्री बनाउन पनि चाडपर्वले सहयोग गर्दै आएको छ । चाडपर्व मनोरञ्जनको एउटा अवसर पनि हो ।

नेपालमा हिन्दू धर्मको बाहुल्य रहेका कारण हिन्दूहरुले मनाउने चाडपर्वले विशेष चर्चा तथा महत्व पाउने गरेको छ । दशैं, तिहार, छठजस्ता चाडपर्वले नेपाली समाजमा निकै महत्व राख्दछ । यस वर्षको दशैं सुरु भइसकेको छ । दशैंपछि तिहार, छठजस्ता अन्य महत्वपूर्ण चाडपर्व आउने गर्दछन् । महत्वपूर्ण चाडपर्वलाई हर्षोल्लासका साथ मनाउने सबै नेपालीको चाहना हुन्छ । रमाइलो वातावरणमा चाडपर्व मनाउने इच्छा सबैको पूरा हुन सक्दैनन् । चाडपर्वको समयमा हुने आपराधिक क्रियाकलाप, चाडपर्वको नाममा हुने विकृति र चाडपर्वलाई अवसर ठानेर गरिने गैरकानुनी कार्यले चाडपर्वलाई खल्लो बनाउने गरेको छ । हरेक वर्ष दशैं, तिहारको समयमा प्रहरीले चाडपर्व लक्षित सुरक्षा रणनीति बनाएर कार्यान्वयन गर्दै आएको छ । यस वर्ष पनि मकवानपुर प्रहरीले चाडपर्व लक्षित विशेष सुरक्षा रणनीतिअनुसार शान्ति सुरक्षाको काम अघि बढाइसकेको छ । प्रहरीले यात्रुको सहायताको लागि हेल्पडेस्क सञ्चालनमा ल्याएको छ । दशैं सुरु हुनु केही दिनअघि अविरल वर्षाका कारण निम्तिएको विपद् व्यवस्थापनमा प्रहरी परिचालन भइरहेको सन्दर्भमा चाडपर्व लक्षित सुरक्षा योजनामा पर्याप्त ध्यान नपुग्ने सम्भावना देखिएको छ ।

अरुबेलामा भन्दा चाडपर्वमा बजारमा मानिसहरुको चहलपहल बढ्ने गर्दछ । बजारमा चाडपर्वका लागि विभिन्न सामान किनमेल गर्नेको भीड लाग्छ । स्थानीय यातायातका साधनहरुमा यात्रुको चाप बढ्छ । दशैं, तिहार, छठको समयमा सबैजना आफ्नो घर जान चाहने गरेका कारण लामो तथा छोटो दुरीका सवारी साधनमा पनि यात्रुको चाप उल्लेख्य रहन्छ । चाडपर्वको समयमा सबैजसो व्यापार-व्यवसाय वृद्धि हुन्छ । सबै क्षेत्र चलायमान भएसँगै अव्यवस्था र आपराधिक क्रियाकलाप पनि बढ्छ नै । भिडभाडमा पकेट मार्ने तथा चोरी गर्ने गिरोह सक्रिय हुनसक्छ । यात्रु चाप बढी भएपछि सवारी साधनमा क्षमताभन्दा बढी यात्रु चढाउने र यात्रुसँग बढी भाडा असुल गर्ने सम्भावना पनि रहन्छ । चाँडो गन्तव्यमा पुगेर फर्कने होडबाजीले तिब्र गतिमा सवारी चलाउँदा दुर्घटनाको जोखिम हुन्छ । बजारमा किनमेल गर्नेको घुइँचो लागेसँगै मिसावट गर्ने, बढी मूल्य लिने, गुणस्तरहीन वस्तु बिक्री गर्ने, कृत्रिम अभाव सिर्जना गर्नेजस्ता कालाबजारीले प्रोत्साहन पाउँछ ।

दशैं सुरु भइसक्दा सुरक्षा संवेदनशीलतालाई लक्षित गरी स्थानीय प्रशासन तथा सुरक्षा निकायले शान्ति सुरक्षाका विशेष योजना अघि सारेका छन् । दशैं, तिहारजस्ता महत्वपूर्ण चाडपर्वको बेलामा प्रहरीले अघि सारेका सुरक्षा रणनीतिले शान्ति सुरक्षा कायम गर्न र दुर्घटना कम गर्न सहयोग गर्ने गरेको भए पनि पूर्ण प्रभावकारी नभएको विगतका घटनाले प्रष्ट हुन्छ । चाडपर्वको समयमा हुनसक्ने आपराधिक क्रियाकलाप नियन्त्रण गर्न र विकृतिजन्य कार्य रोक्न सुरक्षा निकायका साथै सम्बद्ध सबै पक्ष चनाखो बन्नु आवश्यक छ । चाडपर्वको मूल्य, मान्यता र गरिमा कायम गर्न आम नागरिकले पनि पर्याप्त ध्यान दिनुपर्छ । सबैले चाडपर्वलाई रमाइलोसँग मनाउने वातावरण तयार हुन सकेमा चाडपर्वको महत्व बढ्दछ । कसैका लागि पनि दशैं दशा नबनोस् । सबैले हर्ष र उमंगका साथ दशैं मनाउन सकून् ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| मेष | : बन्धुबान्धवबाट सहयोग प्राप्त हुने समयको योग छ । |
| वृष | : शिघ्र निर्णय गर्ने क्षमतामा वृद्धि हुने समयको योग छ । |
| मिथुन | : मातृपक्षबाट लाभ प्राप्त हुने समयको योग छ । |
| कर्कट | : व्यापार–व्यवसाय मध्यमकारक रहने समयको योग छ । |
| सिंह | : घरायसी कामकारोबारमा समय दिइने छैन । |
| कन्या | : व्यापार–व्यवसायका काममा द्विविधा आइपर्ला । |
| तुला | : समस्या र चुनौति पन्छान बुद्धिको उपयोग आवश्यक होला । |
| वृश्चिक | : सामाजिक र धार्मिक कृत्यमा सरिक भइने समय योग छ । |
| धनु | : आर्थिक कारोबारमा सर्तकता अपनाउँदा राम्रो रहने छ । |
| मकर | : पारिवारीक सहयोग प्राप्त हुने समयको योग रहेको छ । |
| कुम्भ | : मनोरञ्जनात्मक काममा रुची बढ्ने समयको योग छ । |
| मीन | : परोपकारी कामबाट प्रशंसा बटुलिने समयको योग छ । |

# भारी वर्षातले निम्त्याएको ताण्डव



बिशभ अधिकारी

मुलुकमा गत हप्ता आएको अविरल वर्षाले ठूलो जनधनको क्षति गरायो । सडक, पुल-पुलेसा भत्कियो । दुई सय भन्दा बढीको मानिसको मृत्यु भयो । भौतिक संरचना नष्ट भयो । सिङ्गो गाउँ-बस्ती डुवानमा पर्‍यो । संघीय राजधानी काठमाडौंसहित उपत्यकाका तीनै जिल्लामा मानिसहरुले असुरक्षित महसूस गरे । मौसम पूर्वानुमान महाशाखाले भारी वर्षा हुने पूर्वजानकारी गराएकै थियो । सबैलाई उच्च सतर्कतामा रहन भनेको थियो । लामो यात्रामा नजान र घरमै सुरक्षित भएर बस्न सबैलाई उसले सार्वजनिक आव्हान गरेको थियो । तर सरकारले त्यसलाई गम्भिरतापूर्वक लिएन । कतै सतर्कता अपनाईएन । विपद् व्यवस्थापनको पूर्वतयारी कतै देखिएन, गृहमन्त्रीको झुर कार्यशैली र अनूभवहिनताले गर्दा मुलुकले ठूलो नोक्सानी व्योहोर्नू परेको छ ।

मुलुकमा वर्षाले ताण्डव मच्चाइरहँदा सरकार प्रमुख संयुक्त राष्ट्रसंघको ७९ औं महासभामा भाग लिन अमेरिका पुगेका थिए । दश दिन भ्रमण सकेर स्वदेश फर्कने क्रममा पत्रकारसँगको भेटमा प्रधानमन्त्रीले पहिरो कहिले जान्छ ? कसरी जान्छ ? कसरी थाहा हुन्छ ? भन्ने जस्ता गैरजिम्मेवार अभिव्यक्ति दिए । त्यति मात्र होइन अहिले वर्षातको नदिले साविककै बाटो लिँदा थुप्रै बस्ती डुवानमा परेको छ । तसर्थ नदि किनार अतिक्रमण वा अनाधिकृतरुपमा बनाइएका संरचना हटाउने बालेनको अडान ठिक रहेछ । जनताले बालेन ठिक छ भन्दैछन् नि प्रमज्यू भनेर सोध्दा राम्रो प्रश्न भन्दै प्रमले स्केप गरेर हिडें । अमेरिका पनि प्रवासी नेपालीले कालो झण्डा देखाउने तयारी थाहा पाएका प्रधानमन्त्रीले कार्यक्रममै सहभागी नहुने निर्णय गर्न पुगे । जताततै सरकारको विरोध र आलोचना तीव्र ढंगले बढेर गएको छ । केहि समयअघि टुँडिखेलमा केपि, शेरबहादुरको बिरुद्ध नाराबाजी भएको थियो । त्यो क्रम आजसम्म रोकिएको छैन । सरकार हरेक क्षेत्रमा असफल/अलोकप्रिय सावित हुँदैछ ।

प्राकृतिक विपद् कसैले रोकेर रोकिन्न तर सावधानी र सतर्कता अपनाउँदा क्षतिलाई न्यूनीकरण गर्न सकिन्छ । विपद्मा कतिपय कुरा मानिसको हातमा हुँदैन तर केही पूर्वतयारी गर्न सके त्यसबाट बच्न र बचाउन सकिन्छ । उदाहरणका लागि भारी वर्षा हुन्छ भन्ने मौसम पूर्वानुमान महाशाखाले भनिसकेपछि सवारी आवागमनलाई नियन्त्रण गर्न सकिन्थ्यो । राती चल्ने यातायात पूर्णतया बन्द गर्न सकिन्थ्यो । नदि किनारमा बसोबास गर्नेहरुलाई स्थानान्तरण गर्न सकिन्थ्यो । यि जस्ता अन्य उपाय अवलम्वन गर्न सकेको भए मानवीय क्षति न्यून गर्न सकिन्थ्यो । यस्तै सावधानी नअपनाउँदा मकवानपुरको सिस्नेरीमा ६ जना फुटबल खेलाडी बालकको अनाहकमा मृत्यु भयो । एन्फा एकडेमीले आवासीय विद्यालयमा राखेका ४० जना फुटबल खेलाडी बालकहरु थिए । भारी वर्षा र डुवानले सिस्नेरी बजार नै तहसनहस बनाइरहेको बेला माथि कुलेखानी ड्याम भरिएर ड्यामको ढोका खोल्दा तल्लो तटीय क्षेत्रमा ठूलो बाढी र लेदो आउने हुँदा सबैले सतर्कता अपनाउनुपर्ने जानकारी हुँदाहुँदै ति छ जना बालकलाई त्यहाँबाट किन जान दिइयो ? ति कसरी निस्के ? किन निस्के ? कसले जा भन्यो यिनलाई हेर्ने प्रशिक्षक के गर्दै थिए होलान ? यो कसको कमजोरी हो त्यसमाथि अनुसन्धान हुन जरुरी छ । दोषिमाथि कार्वाही गरिनुपर्छ । ताकि भविष्यमा यस्ता घटना फेरी नदोहोरियोस् ।

यस्तो बेला लापरवाहीले ज्यान जान सक्छ । अझ रात्रिकालिन यात्राका सबै सेवालाई यस्तो बेला चल्न दिइनु हुँदैन । त्यो अझ बढी जोखिमपूर्ण हुन्छ । केहि समय अघि काठमाडौंबाट हिँडेको बस र बीरगंजबाट छुटेको बस नारायणगढ-मुग्लिन सडकखण्डको सिमलटारमा माथिबाट आएको पहिरो र लेदोले दुबै बसलाई त्रिशुली नदीमा बगाइदिएर ठूलो दुर्घटना भएको सन्दर्भबाट पनि सरकारले पाठ सिक्न जरूरी छ । खै सरकारको ध्यान गएको ? तसर्थ सबै संयन्त्रलाई परिचालन गर्न यसपालि सरकारको कमजोरी देखिएकै हो ।

यो राष्ट्रिय विपद्मा खोज, उद्दार र राहतको काममा नेपाली सेनाको भूमिका बरू उल्लेखनीय देखियो । जब-जब देशमा संकट देखिन्छ सेना अग्रभागमा रहन्छ । कोभिड-१९ होस्, भूकम्प होस् वा बाढीपहिरो अन्य विपद्हरूमा सेना जनताको साथी भएर देखा पर्छ । एकथरी नेताहरू खर्च कटाउन सेनाको संख्या घटाउनेदेखि सेनाविहिन राज्यको कल्पनासम्म गर्छन् । हाम्रो जस्तो देशमा सेनाको महत्वपूर्ण भूमिका रहँदै आएको छ । नेपाली सेनाको ईतिहास गौरवमय छ । देशको सार्वभौमसत्ता र अखण्डाको रक्षामा पनि सेनाको गर्विलो इतिहास रहेको छ । राष्ट्रिय विपद्मा सबै मिलेर समस्याको समाधान खोज्ने हो न कि यसको फाईदा उठाउन तिर लाग्ने । संकटको अवस्थाको फाईदा उठाएर हवाई यातायातको भाडा चर्को लगाउने जस्ता काम भएका छन् जून सर्वथा अनुचित छ । त्यस्मा सरकारको ध्यान जाओस् र सरकारले तीव्ररुपमा राहतको प्याकेज पुनःस्थापनाका कार्यक्रम ल्याउन जरूरी छ ।

बाढीपीडितहरुको अवस्था नाजुक छ । ठूलो संख्यामा जनता घरबारबिहिन भएका छन् । बेपत्ता भएका छन् । धेरै मानिसको सम्पत्ति बाढीले बगाएर घर बारबिहीन भई सडकमा पुगेको अवस्था छ । सरकारले तत्काल तिनको बसोबासको व्यवस्था मिलाउन जरुरी छ । संघीय राजधानीसँग जोडिएको बाटाहरुको सम्पर्क टुटेको छ । पहिरोले भत्केको पूल, बाटो लेदो पन्छाएर बाटो सुचारू नहुँदा जनताले ठूलो सास्ती पाएका छन् । यहि बेला दशैं, तिहार जस्ता चाडपर्वले छोपिसकेको छ । महंगी बढेको छ । जनजीवन कष्टप्रद हुँदै गएको छ । चौतर्फी मारमा परेको जनतालाई यसपालि दशैं, तिहारमा शुपथ मूल्यको पसल सञ्चालन गरेर राहत प्रदान गरौं । कालो बजारीया बढेको छ । त्यसलाई नियन्त्रण गर्न सम्बन्धित निकायले कडा कदम चालोस् । राष्ट्रिय विपद्मा सबैको ऐक्यवद्धता, सहयोग र साथ एक आपसमा हुँदा त्यसले आत्मबल बढाउँछ नै, हरेकपल्ट आउने बाढी-पहिरो, अतिवृष्टी-अनावृष्टी, भूक्षय, भूकम्प जस्ता प्राकृतिक विपद्को जोखिमलाई ख्याल गरेर त्यसको पूर्वतयारीका लागि तयारी र चनाखो रहन किन सम्बन्धित निकाय चुकी रहन्छ ? अब त चेतौं आगे जो विचार । अस्तू ।

# के हुन्थ्यो यदि नेपाल अग्रेंजहरुको गुलाम भएको भए



निश्चल अधिकारी

नेपाल, सिमाना जुद्दैको एक सुन्दर देश हो जुन हिमालयको काखमा बसीको छ । यो देशले युगौंयुगदेखि आफ्नो संस्कृति र परम्परालाई जोगाउँदै आएको छ । तर, यदि नेपाल ब्रिटिश उपनिवेशमा परेको भए, त्यसका विभिन्न पाटोहरूमा गहिरो र दीर्घकालीन प्रभावहरु पर्न सक्थे । यहाँ यस विषयमा गहन रुपमा चर्चा गरिएको छ ।

### १. राजनीतिक संरचना र शासन प्रणाली

ब्रिटिश प्रशासनको स्थापनाको प्रक्रिया

ब्रिटिश साम्राज्यले नेपालमा उपनिवेशी शासन लागू गर्ने प्रक्रिया अत्यधिक जटिल र चुनौतीपूर्ण हुने थियो । यसमा समावेश हुनेछ । गभर्नर र उपनिवेशी अधिकारीहरूको नियुक्ति । ब्रिटिश सरकारले स्थानीय प्रशासनमा आफ्ना गभर्नर र अन्य उच्च अधिकारीहरूको नियुक्ति गर्ने थियो । यसले गर्दा नेपालका स्थानीय रजाइदार र नायकहरूको शक्ति निकै घट्ने थियो । उनीहरूलाई केवल प्रतीकात्मक भूमिका मात्र दिइने थियो ।

स्थानीय शासनको कमजोर बनावटः रजाइदारहरूको शक्तिलाई क्षीण गर्दै, ब्रिटिश सरकारले स्थानीय समुदायको सिधा नियन्त्रणमा रहन दिने थियो । स्थानीय निर्णयहरुमा जनताको भागीदारी घट्ने थियो ।

नयाँ कानूनी संरचना : ब्रिटिश कानूनी प्रणालीको कार्यान्वयनले स्थानीय कानून र परम्परालाई महत्व दिन नछोड्ने भएकोले, स्थानीय जनताको हक र अधिकार मा भयानक कटौती आउने थियो । यसले स्थानीय न्याय प्रणालीमा दुविधा र अन्याय निम्त्याउने थियो ।

#### राजनीतिक अस्थिरता

ब्रिटिश उपनिवेशका विरुद्ध विद्रोह र आन्दोलनहरूमा बृद्धि हुने थियोः

स्वतन्त्रता आन्दोलनः नेपालमा विद्यमान विभिन्न जातीय र सांस्कृतिक समूहहरू ब्रिटिश शासनको विरुद्धमा स्वतन्त्रता र स्वायत्तताको लागि उठ्ने थिए । यसले गर्दा समाजमा ठूलो राजनीतिक अस्थिरता र विभाजनको स्थिति उत्पन्न गर्ने थियो ।

विद्रोह र संघर्षः ब्रिटिश शासनको विरोधमा स्थानीय जनताको विद्रोह र सशस्त्र संघर्षको श्रृंखला सिर्जना हुने थियो । यस्तो अवस्थामा, विभिन्न जातीय समूहहरूले समान स्वायत्तता र अधिकार का लागि लड्न एकता देखाउने थिए ।

### २. सांस्कृतिक प्रभाव

संस्कृति र परम्परामा परिवर्तन

ब्रिटिश उपनिवेशको प्रभावले नेपाली संस्कृति र परम्परामा गहिरो परिवर्तन ल्याउने थियोः

धार्मिक प्रभावः ब्रिटिश संस्कृति र धर्मको प्रभावले गर्दा हिन्दू धर्म र स्थानीय परम्पराहरूमा परिवर्तन आउने थियो । स्थानीय अनुष्ठान र चाडपर्वमा ब्रिटिश धर्मको मिश्रण हुन थाल्ने थियो ।

भाषिक परिवर्तनः अंग्रेजी भाषाको प्रवर्द्धनले गर्दा नेपाली भाषाको प्रयोगमा कमी आउने थियो । यसमा, विद्यालय र सरकारी संस्थाहरूमा अंग्रेजी भाषा अनिवार्य बनाइने थियो ।

#### शिक्षा र ज्ञान

ब्रिटिश उपनिवेशको अवधिमा शिक्षा प्रणालीमा गम्भीर परिवर्तन हुने थियोः

पश्चिमी शिक्षा प्रणालीको स्थापनाः ब्रिटिश सरकारले शिक्षा प्रणालीलाई पश्चिमीकरण गर्ने प्रयास गर्थ्यो । स्कूलहरुमा अंग्रेजी र विज्ञानका विषयहरुमा ध्यान केन्द्रित गरिने थियो, जसले गर्दा नेपाली संस्कृति र परम्परामा अवहेलना हुने थियो ।

साक्षरता र सामाजिक साक्षरताः यद्यपि शिक्षा प्रणालीले साक्षरता बढाउन मद्दत गर्ने थियो, तर यसमा ब्रिटिश साम्राज्यको विचार र सिद्धान्तहरूको मात्र प्रवर्द्धन हुने थियो । यसले गर्दा स्थानीय स्तरमा सामाजिक साक्षरता र जागरूकता भने कम हुने थियो ।

### ३. आर्थिक विकास र शोषण

आर्थिक शोषण

ब्रिटिश उपनिवेशको अवस्थाले नेपालमा आर्थिक विकासमा बाधा पुर्याउने थियोः

प्राकृतिक स्रोतहरूको शोषणः ब्रिटिश सरकारले नेपालका वन, खनिज र जलस्रोतहरुको व्यावसायिक उपयोग गर्ने थियो । स्थानीय जनतालाई यी स्रोतहरूको पहुँच दिनु नहुने थियो, जसले गर्दा गरिबी र आर्थिक असमानता थप गम्भीर बन्ने थियो ।

व्यापार र वाणिज्यमा नियन्त्रणः ब्रिटिश साम्राज्यले नेपालका वस्त्र र कृषि उत्पादनलाई नियन्त्रण गर्ने थियो। स्थानीय उद्योग र व्यापारमा प्रतिस्पर्धा गर्न कठिनाइ हुने थियो, जसले गर्दा नेपालका उद्योगहरुको विकासमा अवरोध पुर्याउने थियो ।

#### विभिन्न उद्योगहरूको पतन

ब्रिटिश उपनिवेशमा नेपाली उद्योगहरूको पतन हुने थियो :

कुटीर उद्योग र हस्तकलामा कमी : कुटीर उद्योग र हस्तकला, जुन नेपालका स्थानीय समुदायको आयको मुख्य स्रोत थियो, क्रमशः कमजोर हुने थियो । ब्रिटिश साम्राज्यले आफ्नो औद्योगिक उत्पादनलाई प्राथमिकता दिने र स्थानीय उत्पादनमा कम रुचि दिने थियो ।

आर्थिक दासत्वः स्थानीय बासिन्दाहरुलाई न्यूनतम पारिश्रमिकमा काम गर्न बाध्य पार्न सकिन्थ्यो, जसले गर्दा उनीहरूको जीवनस्तरमा गिरावट आउने थियो ।

### ४. विद्रोह र विरोध

विद्रोह र सामाजिक संघर्ष

ब्रिटिश उपनिवेशको विरुद्धमा विद्रोह र सामाजिक संघर्षको लहर उठ्ने थियोः

सशस्त्र विद्रोहः स्थानीय जनताको स्वतन्त्रता र अधिकारको लागि सशस्त्र विद्रोहहरूको श्रृंखला हुने थियो । यस्ता विद्रोहले केवल सशस्त्र संघर्षको रूप लिने थिएन, बरु सामाजिक साक्षरता र जागरूकताको लहर पनि ल्याउने थियो ।

राष्ट्रियता र स्वतन्त्रता आन्दोलनः उपनिवेशी शासनको विरोधमा राष्ट्रियता र स्वतन्त्रता आन्दोलनको विकास हुने थियो । नेपालका विभिन्न समुदायहरूमा एकता र सहकार्यको भावना बढ्ने थियो, जसले गर्दा एक व्यापक विद्रोहको आधार तयार पार्ने थियो ।

#### संविधान र जनसंख्या

ब्रिटिश उपनिवेशको प्रभावले नेपालको संविधान र जनसंख्यामा परिवर्तन ल्याउने थियो :

संविधानको संरचना : नेपालमा संविधानको संरचना र राजनीतिक प्रणालीमा ठूलो परिवर्तन आउने थियो । ब्रिटिश उपनिवेशले स्थानीय अधिकार र स्वायत्तताको मूल्यलाई नकार्ने भएकाले जनसंख्यामा विद्रोह र असन्तोषको स्थिति उत्पन्न हुने थियो ।

राजनीतिक पार्टिहरूको गठन : स्थानीय समुदायका आधारमा विभिन्न राजनीतिक पार्टिहरुको गठन हुने थियो, जसले गर्दा राजनीतिक विचार र सिद्धान्तहरुको विभिन्न धारा जन्माउने थियो ।

### ५. दीर्घकालीन प्रभाव

...बाँकी पृष्ठ ३ मा

